स्नान, शालिग्राम र अध्यात्म

पवित्र गण्डकी

अथर्ववेदाचार्यः
नारायण घिमिरे।

पवित्र गण्डकी

स्नान, शालिग्राम र अध्यात्म



Sacred Gandaki

Bathing, Shaligram, and Spirituality

अथर्ववेदाचार्यः नारायण घिमिरे।

जीवनसाथी

प्रिय कल्पना रिजाल लाई,



सप्रेम समर्पण।

प्रकाशक: क्यानेडियन वैदिक हेरिटेज।

विषयसूची (Table of Contents)

सारांश (Abstract)

पवित्र गण्डक स्नान तथा शालिग्राम पूजा केवल धार्मिक अनुष्ठान मात्र होइन, बरु यो जीवनको समग्र समृद्धि, शुद्धि र मुक्तिको एक समग्र मार्ग हो। शालिग्राम हिन्दू धर्ममा भगवान विष्णुको स्वयं-प्रकट (self-manifested) र पूजनीय स्वरूप हो, जसको आध्यात्मिक महत्त्व वैदिक र पौराणिक ग्रन्थहरूमा गहिराइसाथ वर्णन गरिएको छ। यसको नियमित पूजाले आध्यात्मिक उन्नति (spiritual advancement), स्वास्थ्य, सामंजस्य (harmony), समृद्धि (prosperity) र दैवी सुरक्षा (divine protection) जस्ता लाभहरू प्रदान गर्ने विश्वास छ। आधुनिक न्यूरोसाइन्सले ध्यान (meditation) र मन्त्र जप (mantra chanting) ले मस्तिष्कको संरचना र कार्यमा सकारात्मक परिवर्तन, तनाव हर्मोन (cortisol) मा कमी, प्रतिरक्षा प्रणाली (immune system) मा सुधार, र संज्ञानात्मक (cognitive) तथा भावनात्मक नियमन (emotional regulation) मा सुधार गर्ने प्रमाणित गरेको छ। शालिग्राम पूजामा ध्यान र मन्त्र जप समावेश छन्, यी आध्यात्मिक अभ्यासहरूले वैज्ञानिक रूपमा प्रमाणित लाभहरूलाई मध्यस्थता गर्न सक्ने सम्भावना छ। शालिग्रामको उत्पत्ति गण्डकी नदीको पवित्र क्षेत्रमा छ, जुन एक आध्यात्मिक ऊर्जा रेखा (spiritual energy line) मानिन्छ। यहाँका शालिग्राम शिलाहरू प्राकृतिक जीवाश्म (fossils) भए तापनि पुराणहरूले तिनलाई विष्णुको अवतार मान्छन्, जसले प्रकृतिमा दैवीयताको साक्षात्कार देखाउँछ। शालिग्रामको पादोदक (चरणामृत) ले पाप नाश र शारीरिक-मानसिक शुद्धि गर्ने विश्वास छ, जसलाई गण्डकीको खनिजयुक्त पानीको वैज्ञानिक गुणले पुष्टि गर्छ। पद्म पुराण अनुसार, यो पवित्र जल सबै तीर्थहरूको सार हो। शालिग्राम पूजा र द्वारावती स्नान (पवित्र गण्डक स्नान) को संगमले भौतिक समृद्धि र

आध्यात्मिक मुक्तिको समन्वय गर्छ। यसरी, पवित्र गण्डक स्नान तथा शालिग्राम पूजा प्राचीन वैदिक ज्ञान (ancient Vedic wisdom) र आधुनिक वैज्ञानिक खोजहरू (modern scientific discoveries) बीचको सेतु हो, जसले मानव कल्याण (human well-being) का लागि एक समग्र दृष्टिकोण (holistic approach) प्रस्तुत गर्दछ र आन्तरिक शान्ति (inner peace), सन्तुलन (balance) र समग्र जीवनको अनुभव गर्न प्रेरित गर्दछ।

प्रस्तावना

नेपालको गण्डकी नदी क्षेत्रमा पाइने शालिग्राम हजारौं वर्षदेखि हिन्दू र बौद्ध धर्मावलम्बीहरूको श्रद्धा र आस्थाको केन्द्र बनेको पवित्र ढुङ्गा हो। यो केवल एक धार्मिक प्रतीक मात्र नभएर भूवैज्ञानिक, रासायनिक र आध्यात्मिक दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण छ। आधुनिक विज्ञानले शालिग्रामलाई करोडौं वर्ष पुरानो अमोनाइट जीवाश्म (Ammonite Fossil) को रूपमा पहिचान गरेको छ, जुन समुद्री जीवहरूको अवशेष हो।

गण्डकी नदीको तटमा पाइने यी पवित्र ढुङ्गाहरूले न केवल धार्मिक महत्व राख्छन् बल्कि वैज्ञानिक अनुसन्धानको क्षेत्रमा पनि नयाँ आयामहरू खोलेका छन्। यस अध्ययनको मुख्य उद्देश्य शालिग्रामको बहुआयामिक पहलुहरूलाई एकीकृत रूपमा प्रस्तुत गर्नु हो, जसले पारम्परिक ज्ञान र आधुनिक विज्ञानको बीचमा सेतु निर्माण गर्छ। यो लेखले विशेष गरी नेपाली पाठकहरूका लागि शालिग्रामको गहिरो ज्ञान दिने छ। शालिग्राम बारे संस्कृत श्लोकहरूको मान्यता र र आधुनिक वैज्ञानिक खोजहरूको विस्तृत विश्लेषण पनि यहाँ प्रस्तुत हुने छ।

अथर्ववेदाचार्यः नारायण घिमिरे।

गण्डकी क्षेत्रको महत्व

भौगोलिक विशेषताहरू

गण्डकी नदी, जुन कालीगण्डकी (Kali Gandaki) को नामले पनि चिनिन्छ, नेपालको मुस्ताङ जिल्लाबाट सुरु भएर भारतको गंगा नदीमा मिसिने एक महत्वपूर्ण नदी हो। यो नदी विश्वको सबैभन्दा गहिरो घाटी (Deepest Gorge) मध्ये एक बनाउँछ, जुन धौलागिरी र अन्नपूर्ण हिमालका बीचमा अवस्थित छ। यस नदीको विशेष भौगोलिक स्थितिले शालिग्राम ढुङ्गाहरूको निर्माणमा महत्वपूर्ण भूमिका खेलेको छ।

गण्डकी नदीको पानीमा हिमालयका विभिन्न खनिजहरू घुलमिल भएका हुन्छन्, जसले यसलाई विशेष रासायनिक गुणहरू प्रदान गर्छ। नदीको तीव्र प्रवाहले करोडौं वर्षदेखि चट्टानहरू आपसमा घोटीएर शालिग्राम ढुङ्गाहरूलाई चिल्लो र गोलाकार आकार दिएको हुन्छ। प्राकृतिक प्रक्रियाले करोडौं वर्षदेखि विभिन्न खनिजहरू घुलमिल भएर शालिग्रामले बिशेष ढुङ्गाको रुपमा बिकशित हुने र नदीको तीव्र प्रवाहले चट्टानहरू आपसमा घोटीएर चिल्लो र गोलाकार आकार लिने शालिग्रामहरूमा विशिष्ट चक्राकार निशानहरू (Chakra Marks) सिर्जना हुने गर्दछ। जुन धार्मिक दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण मानिन्छ।

आध्यात्मिक र पौराणिक सन्दर्भ

वैदिक परम्परा अनुसार, गण्डकी क्षेत्रलाइ मुक्तिक्षेत्र (Liberation Zone) मानिन्छ। पद्म पुराण, स्कन्द पुराण र ब्रह्मवैवर्त पुराणमा उल्लेख भए अनुसार गण्डकी क्षेत्रमा गण्डकी स्नान गर्नाले सबै पापहरूको नाश हुन्छ। मोक्ष

प्राप्तको मार्ग सहज बन्दछ। पौराणिक कथा अनुसार, भगवान् विष्णुले तुलसी देवीको श्रापबाट यस नदीमा ढुङ्गाको रूप लिएर बस्नु भएको कथाको शालिग्रामहरूलाई भगवान् विष्णुको अवतारको रुपमा ग्रहण गरिने हुँदा शालिग्रामले जीवन्त देवताको पाएको भनिन्छ। सोहि कथाको आधारमा गण्डकी नदीको पानीलाई चरणामृत (Sacred Water) मानिने परम्परा छ। यस पानीले स्नान गर्दा शारीरिक, मानसिक र आध्यात्मिक शुद्धता प्राप्त हुन्छ भन्ने गहिरो विश्वास जन मानसमा भेटिन्छ।

आयुर्वेदिक चिकित्सा पद्धतिमा सम्पूर्ण सृष्टिलाई पाँच मूलभूत तत्वहरू पञ्चमहाभूतमा विभाजन गरिन्छ। आकाश (स्पेस), वायु (एयर), अग्नि (फायर), जल (वाटर), र पृथ्वी (अर्थ)। यी पाँच तत्वहरू मध्ये चौथो स्थानमा आउने जल तत्व आकाश, वायु, र अग्नि तत्व गुणले बनेको हुन्छ। आयुर्वेदको अनुसार, आकाशले जललाई अस्तित्वको लागि ठाउँ प्रदान गर्छ। वायुले जललाई चल्ने र बग्ने क्षमता दिन्छ। अग्निको घनत्व बढेर चिसो भएपछि जलको रूप लिन्छ। त्यही कारण आकाश तत्वको विघटन, वायु तत्वको रूक्षता र गति नियन्त्रण र अग्नि तत्वको तातोपनबाट जल तत्वले सुरक्षा प्रदान गर्दछ। कुनै पनि तत्वको उपयोगिता जान्न त्यसको गुण लाई चिन्न जरुरी हुन्छ।

जल तत्वका विशेष गुणहरूमा यो चिसो हुन्छ। स्वभाव त स्थिर वा स्थूल, भारी, ओसिलो, चिल्लो, बग्ने गुणको, मन्द, बादल जस्तै फैलने र नरम हुन्छ। जल तत्व शरीरको ती गुणहरूका विपरीत लक्षणहरूको उपचारमा प्रयोगमा आउँछ। त्यसैले जब तपाईँ धेरै तातो, अस्थिर, कमजोर, निर्जलता, रूक्ष, आत्मविश्वासको कमी, अवरुद्ध र अचल, चिडचिडाहट र जिब्रो पिरो हुने, पातलो र कमजोर, वा कठोर हृदयको भएको महसुस गर्नुहुन्छ त्यति वेला जल तत्वका गुणहरू मार्फत त्यसको शान्त गर्न सहयोग लिने गरिन्छ। शरीरमा हुने सबै प्रकारका दुखाइ र इन्फ्ल्यामेसन शान्त गर्न जल तत्वको भूमिका

हुन्छ। शरीरलाई पोषण प्रदान गर्ने सबैभन्दा आधारभूत भूमिका पानी रुपी जल तत्वले गर्ने हुँदा सुद्ध पानी लाई अमृत भन्ने गरिन्छ।

वैज्ञानिक दृष्टिकोणबाट हेर्दा, गण्डकी नदीमा उच्च मात्रामा खनिजहरू रहेकोले गण्डकी नदीको पानीमा अधिक ऋणात्मक चार्जका आयनहरू (Negative Ions) घुलेर रहेको भेटिने गर्दछ। विज्ञानले अक्सिजनका चार अक्सिडेशनका अवस्थाहरू पहिचान गरेको छ। ति हुन् O_2 (डाइअक्सिजन), O_2^- (डाइअक्सिजन क्याटायन), O_2^-• (सुपरअक्साइड), र O_2^{2-} (पेरअक्साइड डायनायन)। यी मध्ये सुपरअक्साइड (O_2^-•) एक प्रकारको नेगेटिभ अक्सिजन आयन हो जसले जैविक प्रभावहरूमा मुख्य भूमिका खेल्छ।

जव पानीका अणुहरूमा नेगेटिभ-आयनका क्लस्टरहरू अधिक हुन्छन तव पानीमा घुलेको अक्सिजन तुरुन्त अक्सिडेशन हुन्छ। रेडिकल र नेगेटिभ आयन दुवैको रूपमा काम गर्छ।अक्सिडेशन का कारण सुपरअक्साइड बनेको अक्सिजन सक्रिय रेडिकल तथा नेगेटिभ चार्ज आयन गुणको बन्दछ। अक्सिजनको त्यस्तो सक्रिय रेडिकल आयनले पानीमा रहने Staphylococcus aureus, E. coli जस्ता प्रतिरक्षा प्रणाली कमजोर रहेको वेला घाउमा, रगत सङ्क्रमण गर्ने ब्याक्टेरिया आदिलाई मार्दछ। धुलो, मोल्ड स्पोर्स र अन्य एलर्जेनहरूका एलर्जीका लक्षणहरू वाट मानिसहरूलाई राहत दिन मद्दत गर्ने गर्दछ।

त्यस्तै क्षयरोगका जीवाणु जस्ता हानिकारक ब्याक्टेरिया, भाइरस र मोल्ड प्रजातिहरूको वृद्धिलाई मार्न वा रोक्न समेत भूमिका खेल्ने, क्यान्सर कोशिकाहरूलाई रोक्ने कुरा आधुनिक वैज्ञानिक अनुसन्धानहरूले पुष्टि गरेको छ। अक्सिजनको नेगेटिभ आयनहरूमा छोटो अवधिको एक्सपोजरले मानिसको संज्ञानात्मक क्षमतामा सुधार गर्ने, मस्तिष्कमा अक्सिजनको प्रवाह बढाउने, मुड नियन्त्रण गर्न, तनाव कम गर्न, प्रतिरक्षा प्रणाली सक्रिय गर्ने,

कार्बोहाइड्रेट र बोसोको पाचन शक्ति बढाउने समेत आधुनिक वैज्ञानिक अनुसन्धानहरूको प्रमाणित निचोड आएको छ।

आयुर्वेदिक दिनचर्या र ऋत चर्याका सिद्धान्तहरूलाई मानेर हाम्रो परम्परामा गण्डकी क्षेत्रमा गण्डक स्नान गर्ने क्रम सँगै ऋषिहरूले गण्डक स्नानको नेगेटिभ आयन थेरापीको शक्तिको उपयोग गर्दै हजारौँ मौसमी डिप्रेसन र अन्य मुड डिसअर्डर वाट गुज्रिएका बिरामीहरूको प्रभावकारी उपचार गर्ने गरेको चर्चा वैदिक कथाहरूमा भेटिन्छ। हाम्रो परम्परामा वसन्त ऋतुमा जल तत्वमा प्राकृतिक रूपमै हुने नेगेटिभ आयनको वृद्धिलाई नेगेटिभ आयन थेरापीसँग सिंक्रोनाइज अत्यधिक भक्तजनहरूले गण्डकी स्नानको अधिकतम लाभ उठाउने कार्य गर्दै आएका छन्।

वैदिक परम्पराको नेगेटिभ आयन युक्त पानीमा गरिने गण्डकी स्नानको उपचारात्मक प्रभावकारिताको वैज्ञानिक पक्ष आधुनिक मेडिकल साइन्सले प्रमाणित गरिदिएको छ। वैदिक परम्पराले भन्दै आएको गण्डकी स्नानको जल तत्वको सुरक्षणात्मक र उपचारात्मक प्रभावकारिता हुने भनाइ लाई आधुनिक वैज्ञानिक अनुसन्धानले त्यस्ता नेगेटिभ आयनहरूको एन्टि-इन्फ्लामेटरी, एन्टि-अक्सिडेन्ट र न्यूरोप्रोटेक्टिभ गुणहरू हुने मा प्रमाणित गरिदिएर वैदिक ज्ञान सत्य रहेको पुष्टि गरिदिएको छ। आयुर्वेदको त्रिदोष सिद्धान्त लाई आधुनिक विज्ञानले न्यूरोकेमिकल बेलेन्स संग त्यसको समकक्षता रहेको ले एकीकृत उपचार दृष्टिकोण प्रभावकारी बनेको तर्क दिन सकेको छ।

गण्डकी स्नानको न्यूरोसाइकियाट्रिक प्रभावहरू देखिनुको कारण सेरोटोनिन हाइपोथेसिस र सुपरअक्साइड मेकानिजम जस्ता वैज्ञानिक तर्कहरूले नेगेटिभ आयनहरूको मानसिक स्वास्थ्यमा पार्ने सकारात्मक प्रभावहरू बारे दिएको वैज्ञानिक पुष्टिले बलियो आधार उपलब्ध गरेको छ। गण्डक स्नानले डिप्रेसन,

एङ्गाइटि, चिन्ता, बेचैनी र संज्ञानात्मक सुधारमा पुऱ्याउने सहयोगको कारणहरू समेत प्रमाण सहित आधुनिक विज्ञानले नै आज उपयुक्त तथ्यहरू सार्वजनिक गरिरहेको छ।

जलवायु परिवर्तनको प्रभाव

गण्डकी नदीको उद्गम तिब्बती पठारको दक्षिणी भागमा रहेको छ। काली गण्डकी नदिका माथिल्लो भाग, विशेष गरी मुस्ताङ क्षेत्रको भू-वैज्ञानिक संरचना अधिक रूपमा तेथिस हिमालयको (Tethyan Himalayan rocks) चट्टानहरूबाट निर्मित छ। सत्ययुगभन्दा पनि पहिलेको प्रलयपछिको सृष्टिको सुरु आती कल्प (जुरासिक - Jurassic र क्रेटासियस - Cretaceous) कालका प्राचीन कालको उत्तरको विशाल समुद्र / महासागर पुरातन तेथिस समुद्रको (Tethys Ocean) समुद्री सतह मुनि रहेर समुद्रको पिँधमा जम्मा हुन पुगेको गेगर रुपी चट्टानहरू (Marine sedimentary rocks), चुनढुङ्गा (Limestone), अश्म मृत्तिका अर्थात् माटोको अन्तिम अवशेष (Shale), बालुवा ढुङ्गा (Sandstone) र अमोनाइट फोसिलहरू (Ammonite fossils) पानीको अत्यधिक दबाबका कारण बनेको कडा अवशेष अर्थात् फोसिलहरू कालान्तरमा तेथिस हिमालयको चट्टानहरूको रूपमा रूपान्तरण भएको वैज्ञानिक रूपमा पुष्टि भएको छ।

गण्डकी नदी प्रणालीको मुख्य शाखा काली गण्डकी विश्वको सबैभन्दा गहिरो घाटी बनाउँदै अन्नपूर्ण र धौलागिरि हिमाल बिचमा बहने गर्दछ। समुद्री सतहदेखि ८००० मिटरभन्दा बढी उचाइसम्म फैलिएको अद्वितीय भौगोलिक स्थितिका जलवायु क्षेत्रहरू हुँदै बग्ने काली गण्डकी नदिका प्रवाहले विश्वको सबैभन्दा ठाडो भौगोलिक ग्रेडिएन्ट बनाउने गर्दछ। उक्त ग्रेडिएन्टमा अत्यधिक

तीव्र गतिमा तेथिस हिमालयको चट्टानहरू बाट निर्मित शिलाहरू सहित पानी बहने क्रममा तिनै चट्टान अत्यन्त चिल्लो शालिग्राममा रूप ग्रहण गर्न गएको देखिन्छ।

नेपालको गण्डक हिमालय क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव विश्वव्यापी औसतभन्दा हाल धेरै तीव्र रूपमा देखा परेको छ। वैज्ञानिक अध्ययनहरूले देखाए अनुरूप हिमालय क्षेत्रमा विश्वव्यापी औसतभन्दा ०.७°C सम्म अधिक दरमा तापक्रम बढिरहेको छ। जसलाई "एलिभेशन डिपेन्डेन्ट वार्मिङ (Elevation dependent warming)" भनिन्छ। त्यसको अर्थ हो उच्च उचाइका क्षेत्रहरूमा कम उचाइको क्षेत्रहरूभन्दा बढी तापक्रममा वृद्धि भएको देखिनु। गण्डकी क्षेत्रमा पछिल्लो ५० वर्षमा औसत तापक्रम १.५°C सम्म बढेको डाटा रिकर्ड भएको छ। जुन विश्वव्यापी औसत १.१°C भन्दा उल्लेखनीय रूपमा अधिक हो। विशेष गरी जाडो महिनाहरूमा गण्डक हिमालय क्षेत्रमा यो प्रकृतिको तापक्रम वृद्धिले हिमनदीहरू असामान्य रूपमा पग्लने क्रमलाई तीव्र बनाएको छ। यो क्षेत्रमा देखिएको तापक्रमको उल्लेखनीय वृद्धिको प्रवृत्ति केवल दिनको औसत तापक्रममा मात्र सीमित नरहेर न्यूनतम तापक्रममा (रातको तापक्रम) समेत देखिनुले पहिले मुख्यतः गर्मी महिनाहरूमा मात्र सीमित हुने यो क्षेत्रमा हिउँ र बरफ पग्लने प्रक्रिया असामान्य रूपमा वर्षभरि देखिने स्थिति बनेको छ।

हिन्दु र बौद्ध धर्मावलम्बीहरूका लागि अत्यन्त पवित्र मानिने अमोनाइट फोसिल शालिग्राम मुस्ताङको काली गण्डकी नदी उपत्यकाबाट मात्र प्राप्त हुन्छन्। हालका वर्षहरूको जलवायु परिवर्तन, ढुङ्गा र ग्राभेल उत्खनन आदि (Stone and Gravel Mining) जस्ता मानवीय प्राकृतिक अतिक्रमणहरुले कालीगण्डकी नदीमा पवित्र ढुङ्गाहरूको उपलब्धता न्यून हुन् गएको छ। नदीको प्राकृतिक परिस्थिति माथि भएको अनियन्त्रित सङ्क्रमण र

मानवीय हस्तक्षेपहरूले काली गण्डकीको प्राकृतिक रूप र प्रवाह दुबैलाई थप क्षति पुऱ्याएको छ। काली गण्डकी नदीको प्रवाह ढाँचा र मार्गहरूमा उल्लेखनीय परिवर्तन देखिएको छ। नदीको पानीको तापक्रममा वृद्धि भएको छ, जसले जलीय पारिस्थितिकीमा प्रभाव पारेको छ। तापक्रम वृद्धिले पानीमा अक्सिजनको मात्रा घटाएको छ र हानिकारक सूक्ष्मजीवहरूको वृद्धिलाई प्रोत्साहन दिएको छ। उल्लेखित परिस्थितिले काली गण्डकी स्नान जस्ता धार्मिक र सांस्कृतिक परम्पराहरूलाई मात्र खतरामा पारेको नभएर स्थानीय पर्यावरण र समुदायहरूको जीविकोपार्जनमा पनि प्रतिकुल प्रभाव छोडेको छ।

यो स्थितिले शालिग्राम संरक्षणको आवश्यकतालाई झन् बढाएको छ। स्थानीय सरकार र सङ्घ -संस्थाहरूको यस क्षेत्रको संरक्षणका लागि विशेष ध्यान जानु जरुरी बनेको छ। यस बारे स्थानीय समुदाय सचेत रहनु पर्ने, स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोग मार्फत यो क्षेत्रलाई जोगाउन सबै सक्रिय रहन पर्ने परिस्थिति विकास भएको छ।

हालका वर्षहरूमा गण्डक क्षेत्रहरूमा सक्रिय पर्यटन उद्योगले गण्डक क्षेत्रको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान गरेको छ। अन्नपूर्ण सर्किट ट्रेकिङ, मुक्तिनाथ तीर्थयात्रा र शालिग्राम सङ्कलन यात्राले हजारौँ पर्यटकहरूलाई यस क्षेत्रमा आकर्षित समेत गरिरहेको छ। पर्यटन उद्योग अन्तर्गत गण्डक स्नान जस्ता धार्मिक र हिलिङ्ग पर्यटन समेत लाई समावेश गरी गण्डक क्षेत्र मैत्री नियन्त्रित पर्यटनमा लैजान नसकिरहेको हालको पर्यटन र धार्मिक यात्रा आदिले स्थानीय समुदायहरूलाई आर्थिक अवसरहरू प्रदान गरेको अवस्था बिच गम्भीर पर्यावरणीय दबाब समेत बढाएको देखिन्छ।

वैज्ञानिक अध्ययनहरूले गण्डकी बेसिनमा वार्षिक वर्षाको मात्रामा समग्र रूपमा कमी आएको छ, तर चरम वर्षाका घटनाहरूको बारम्बार बढेको छ।

छोटो समयमा धेरै वर्षा हुने तर लामो समयसम्म सुख्खा रहने प्रवृत्ति मनसुन पूर्व र मनसुन पछिका महिनाहरूमा वर्षाको मात्रामा कमी आउने र शुष्क मौसमको अवधि लम्ब्याउने र नदीको प्रवाहलाई मुख्यतः हिमनदी पग्लेर आउने पानीमा निर्भर हुन पर्ने अवस्था सृजना गरिदिएको छ। बाढी, पहिरो, हिम पहिरो र ग्लेसियल लेक आउटबर्स्ट फ्लड (GLOF) जस्ता घटनाहरू बढ्दो रूपमा सामान्य भएका छन्। गण्डकी क्षेत्रका हिमनदीहरूले प्रति वर्ष औसतमा ०.५ देखि १.२ मिटरसम्म बरफ गुमाइरहेका छन् । यो दर १९८० को दशकको तुलनामा तीन गुणा अधिक हो।तापक्रम वृद्धिसँगै हिमरेखा (स्नो लाइन) प्रति दशकमा औसतमा ५० -८० मिटर माथितिर सर्दै गएको छ। पहिले वर्षभरि हिउँले ढाकिएका क्षेत्रहरू अब मौसमी रूपमा मात्र हिउँले ढाकिने गरेको देखिन थालेको छ।


वैज्ञानिक अध्ययनहरूले देखाए अनुसार १९९० को दशकको तुलनामा काली गण्डकी नदीको वार्षिक औसत प्रवाह १५-२०% सम्म बढेको छ। उक्त वृद्धि मुख्यतः हिमनदी अधिक पग्लने गर्मी महिनाहरूमा देखिने गर्दछ। बढ्दो तापक्रमले मिट्टीको संरचनालाई कमजोर बनाएको छ र चरम वर्षाका घटनाहरूले कटानको दरलाई बढाएको छ। पहिले शालिग्राम प्रशस्त मात्रामा पाइने ठाउँहरू हाल सुक्खा बगर बनेका छन्। नदीले नयाँ मार्ग लिएको छ। परम्परागत शालिग्राम सङ्कलन स्थलहरू अव अप्रासङ्गिक बनेको छ। बगर हरुको उत्खननले नदीको प्राकृतिक तल (बेड) लाई गहिरो बनाएको छ। जसको कारण पानीको प्रवाह ढाँचामा परिवर्तन ल्याएको छ। यसले शालिग्राम ढुङ्गाहरूलाई गहिरो तहमा पुऱ्याएको छ । कम पहुँचयोग्य बनेको छ। उपलब्धतामा कमीका साथै शालिग्राम ढुङ्गाहरूको शालिग्रामहरूको प्राकृतिक चमक र स्पष्टता जस्ता गुणस्तरमा पनि गिरावट आएको छ।
पुराना पुस्ताले शालिग्राम पहिचान गर्ने, तिनीहरूको गुणस्तर मूल्याङ्कन गर्ने र उपयुक्त सङ्कलन विधिहरूको बारेमा जुन ज्ञान राखेका थिए, त्यो नयाँ पुस्तामा

हस्तान्तरण हुन सकिरहेको छैन। स्थानीय समुदायहरूको शालिग्रामप्रतिको आध्यात्मिक र सांस्कृतिक सम्बन्ध पनि कमजोर हुँदै गएको छ। भविष्यका हाम्रा पुस्ताहरूले यी पवित्र ढुङ्गाहरूको दर्शन र स्पर्श गर्न पाउने अवसर गुम्ने डर देखिएको छ। वैज्ञानिक प्रक्षेपणहरूले देखाएको छ कि यदि वर्तमान प्रवृत्ति जारी रह्यो भने गण्डकी क्षेत्रका धेरैजसो साना हिमनदीहरू २०५० सम्ममा पूर्ण रूपमा हराउनेछन्। यसले काली गण्डकी नदीको प्राकृतिक प्रवाहलाई गम्भीर रूपमा प्रभावित गर्नेछ।

उत्पति र गुणहरू

धेरै पुरानो समयका जीव, जनावर, वा बोटबिरुवाहरू जमिन वा पानीले थिचिएर ढुङ्गाजस्तो कडा भएर बसेका अवशेषलाई जीवाश्म (Fossil) भनिन्छ। यसरी जमिनमुनिबाट निकालिएको यस्तो कडा ढुङ्गामा परिणत भएको जीवाश्मलाई जीवावशेष पनि भनिन्छ। वैज्ञानिक कालअनुसार करिब २४० देखि ६५ मिलियन वर्ष पहिले सम्मको आविर्भाव (उत्पत्ति वा प्रकट भएको) पुरातन (अत्यन्त पुरानो) कृतयुग (सबैभन्दा पहिलो सत्ययुगको) स्थावर कल्प (सृष्टि र मृत्युको चक्र नियमित चलिरहने कालखण्ड) सुरु भए पछिको समयमा समुद्रमा अस्तित्वमा आएको एक चाख लाग्दो समुद्री जीवलाई अमोनाइट (Ammonite) भनिन्छ। अमोनाइटहरु नटिलस (Nautilus), शंख (Sankha), स्क्विड (Squid) र अक्टोपस (Octopus) जस्ता जीवसँग मिल्दोजुल्दो थियो। यसको शरीर आकर्षक र घुमेको शङ्खजस्तो खोल (Shell) रूपमा हुन्थ्यो। यो खोल क्याल्सियमले (Calcium) बनेको हुन्थ्यो।

यस खोलभित्र विभिन्न कोठाहरू (Chambers) हुन्थे, जसको सहायताले अमोनाइटले पानी निल्ने ओकल्ने प्रक्रियामा पानीमा यात्रा गर्न सक्थ्यो। अमोनाइटहरू समुद्रका शक्तिशाली सिकारी (Predator) थिए। तिनीहरूको अगाडि धेरै टेन्टाकल (Tentacles) र चुच्चो आकारको मुख (Beak) हुन्थ्यो, जसले गर्दा तिनीहरूले साना समुद्री जीवहरूलाई खान्थे। ती अमोनाइटहरू पृथ्वीबाट डायनासोर (Dinosaur) सँगै पूरै हराए। आजको समयमा समुन्द्रको तल जमिनमा थिचिएर तिनीहरूको अवशेष निर्मित ढुङ्गाले बनेका जीवाश्म (Fossil) जसमा हिमालयमा पाइने शालिग्राम समेत पर्दछ, पृथ्वीको पुरानो समुद्री जीवन र जीवको विकासको पद्धति बुझ्नका लागि महत्त्वपूर्ण प्रमाणको रूपमा विज्ञानले उपयोग गरिरहेको छ।



भूगर्भीय र धार्मिक दुवै दृष्टिले अत्यन्त महत्त्वपूर्ण नेपालको मुस्ताङ क्षेत्रको भू-वैज्ञानिक संरचना २४ करोड देखि ६.५ करोड वर्षअघि विशाल टेथिस सागरले (Tethys Sea) ढाकेको थियो। समयक्रममा भारतीय र युरेसियन

टेक्टोनिक प्लेटहरू (tectonic plates) को टक्करबाट हिमालय पर्वतमाला माथि उठेर (uplift) ठडियो।

जसका कारण नेपालको मुस्ताङ क्षेत्रको गर्भभित्र रहेका शालिग्रामजस्ता प्राचीन समुद्री जीवाश्महरू मुस्ताङ क्षेत्रको भू-वैज्ञानिक संरचनाको अभिन्न भाग बन्न पुगे। कालीगण्डकी नदी तट क्षेत्रको निरन्तर भू-क्षय (erosion) का कारण जीवाश्म रूपी शिलाहरू कालीगण्डकी नदीसँगै बग्न थाले। सोही बहावको क्रममा भएको घर्षणका कारण ती जीवाश्महरू चिल्ला र गोलाकार भई आज हामीले देख्ने शालिग्रामको रूपमा परिणत भएका हुन्। यद्यपि, हालैका वर्षहरूमा जलवायु परिवर्तन (climate change) र नदीको बहावमा आएको परिवर्तनले गर्दा यस्ता दुर्लभ शालिग्रामहरू कम पाइन थालेका छन्।

शालिग्रामको निर्माणको वैज्ञानिक प्रक्रिया, त्यसको आकार-प्रकार, भौतिक संरचना र अन्य पक्षलाई वेदले पृथ्वीको सृष्टि, सञ्चालन, जीवको उत्पत्ति, जन्म-मरणको चक्र, जीवनको आध्यात्मिक पक्षलाई समाजमा सम्प्रेषण गर्न यसलाई धार्मिक व्याख्यासँग जोडेर यसको भरपूर उपयोग गरेको देखिन्छ। हिन्दू र वैदिक परम्परामा शालिग्रामलाई भगवान विष्णुको स्वयं प्रकट भएको अवतार (स्वयम्भू) भनिन्छ। जसलाई भगवान विष्णुको रूपमा पूजा गर्न कुनै मानव निर्मित मन्दिरलाई जस्तो प्राण प्रतिष्ठा वा विशेष पूजा-संस्कारको आवश्यकता पर्दैन। पुराणहरूमा विशेषगरी दामोदर कुण्ड क्षेत्रबाट शालिग्राम गण्डकी नदीमा पुगेको कुरा उल्लेख छ।

वैज्ञानिक रूपमा जीवाश्म निर्माणको करोडौँ वर्षको प्रक्रिया वैदिक दृष्टिकोणमा रहेको ब्रह्माण्ड निर्माणको क्रममा अव्यक्तबाट व्यक्त भौतिक तत्त्वले लिने

चक्रीय गति (cosmic cycle) को आकारसँग मिल्दछ। जुन शंखको जस्तो घुमाउरो, वलयाकार, चक्राकार र भग्नाकार रूप मिश्रित सर्पको हिँडाईको ज्यामिति जस्तो वेव फङ्गसन (Web Functions) रुपी सर्पिल आकारको (spiral shape) हुने गर्दछ। सृष्टि निर्माणको क्रममा ऊर्जाको कम्पनका कारण हुने एक कोषिका दुइटामा विभक्त हुने, दुई चारमा विभक्त हुने, चारबाट आठ बन्ने गर्दछ। बहुसेल भएको जीवको विकास भने प्रकृतिले स्वतः चयन गरेको गोल्डेन रेसियो लगभग १.६१८ को श्रृङ्खला अनुरुप हुने गर्दछ। गोल्डेन रेसियो अनुरुप जीवको देह विकसित हुने क्रममा बन्ने चक्राकार अवतारलाई विष्णुको सुदर्शन चक्र (Sudarshan Chakra) भन्ने गरिन्छ। सर्पिल आकारको देखिने विष्णुको सुदर्शन चक्र अमोनाइटको सर्पिल आकारको खोलसँग मिल्दोजुल्दो देखिने हुँदा जीवको जीवनको वृद्धिको प्रक्रिया समाजमा लैजान विष्णुको भूमिकाको जीवनमा कायम सृष्टिको एकता, त्यसबाट सुरु हुने अनन्तता र समयको चक्रलाई बिम्बित गर्न वैदिक परम्पराले शालिग्रामको उपयोग गरेको छ।

वैदिक परम्पराले वेदका गहन विषयलाई समाजमा सहज र सामञ्जस्यपूर्ण रूपमा पुऱ्याउन परम्परागत रूपमै शालिग्रामको उपयोग गरेको थियो। त्यो उपाय कालान्तरसम्म यति प्रभावकारी रहन गयो कि विज्ञानले आफ्नो परीक्षणको दायरा निकै फराकिलो पार्न सकेको आजको दिनमा आइपुग्दा विज्ञानको 'तथ्यमा आधारित रहेर विषय र प्रक्रियाको यकिन गर्ने' साथै धर्मको 'आस्थाको आधारमा विज्ञानको परीक्षणको क्षमता बाहिरको विषयलाई तर्कसङ्गत बुझेर मनन गर्ने' विधि दुवैलाई एकै ठाउँमा ल्याएर फ्युजन गर्न शालिग्राममा आधारित वैदिक कथन सबैको सृष्टिको सत्य सूचना बुझ्ने सहज तरिका बन्न सम्भव भयो।

वैदिक परम्पराले प्रकृतिलाई ईश्वरीय सृष्टिको रूपमा हेर्छ। जसलाई विज्ञानमा प्रकृति नियमको सिद्धान्त वा प्राकृतिक शक्ति भनिएको छ। त्यहाँ

शालिग्रामजस्ता प्राकृतिक रूपमा बनेका वस्तुहरू वेदको ज्ञान सम्प्रेषण गर्न सहज हुने पवित्र भौतिक वस्तु मान्दछ। विज्ञानले आफ्नो क्षमता सुदृढीकरण गर्दै जाँदा विज्ञानमा बुझिएको ऊर्जाको रूपान्तरणको शक्तिलाई अध्यात्ममा दैवी निर्माणको रूपमा व्याख्या भएको अनुभूति गर्दै गएको छ। यसकारण प्रकृति र ईश्वर दुवै एकै हुन्, शालिग्रामजस्ता जीवाश्म देवताको आफ्नो कर्म गर्ने पद्धति व्याख्या गर्न अत्यन्त सहयोगी हुने कुरा बुझ्न सहज गरिदिएको छ। यसरी, शालिग्रामले भूगर्भीय इतिहास, सृष्टिको परिचालन विधि र प्राचीन आध्यात्मिक वैदिक ज्ञानका बीचको गहिरो सम्बन्ध पुष्टि गर्न लामो समयदेखि भूमिका खेलेको देखिन्छ।

भौतिक संरचनाको रहस्य

एक कोषीय जीवको शरीरमा कोषिका विभाजन (Cell Division) हुँदा एउटा कोषिका स्वतन्त्र रूपमा विभाजित भई एकबाट दुईमा, दुईबाट चारमा, चारबाट आठमा र यसरी नै बढ्दै जान्छ। तर प्रकृतिमा रहेका धेरै बहु-कोषीय (multi-cellular) शारीरिक संरचनाहरू, जस्तै फूलका पातहरूको घुमाई, सूर्यमुखीको बीउको व्यवस्था, शङ्ख र सिपीका खोलहरू, एक घुमाउरो (spiral) आकारमा आधारित श्रृङ्खलामा विकसित हुन्छन्। जमिनमा स्वतन्त्र हिँड्डै गरेको सर्पको हिँडाईको ज्यामिति जस्तो वेव फङ्सन (Web Functions) रुपी जीवहरूमा हुने विभाजन हरेक चरणमा केही मात्रामा सर्पको हिडाई जस्तो सर्पिल घुमाउरो (Spiral Arrangement) हुँदै अन्ततः सर्पिल ढाँचामा पुग्दछ। यसै कारणले गर्दा आवश्यकता अनुसार अंग र शरीरको प्रारम्भिक संरचनाहरू चक्राकार वा घुमाउरो सर्पिल आकृति बनाउन सम्भव हुन्छ।

आधुनिक विज्ञानले पूर्ण रूपमा स्वीकार गरेको गणितिज्ञ फिबोनाच्चीको दृष्टान्त (Fibonacci sequence) ले यही कुराको व्याख्या गर्दछ। यस

अनुक्रमअनुसार, कुनै पनि श्रृङ्खलामा प्रत्येक अंक अघिल्ला दुई अंकको योगफल हुन्छ। यसको क्रम यसरी जान्छ: १, १+० =१, १+१ =२, २+१ = ३, ३+२=५, ५+३=८, ८+५ =१३, १३+८ =२१, ...। यी सङ्ख्याहरूलाई ०,१,१,२,३,५,८,१३,२१,... हामी जति अगाडि बढाउँदै जान्छौँ, पछाडि आउने ठूलो सङ्ख्यालाई अघिल्लो सानो सङ्ख्याले भाग गर्दा त्यसको भागफल लगभग १.६१८ (गोल्डेन रेसियो - Golden Ratio) आउँछ। यो अनुपात प्रकृतिका धेरै कुराहरूमा पाइन्छ, जस्तै फूलका पातहरूको ढाँचा, सिपी (Shell) को आकार आदि।


वैज्ञानिकहरूका अनुसार, यस्तो श्रृङ्खला आत्म-संयोजन (Self-organization) र कार्यक्षमताका लागि प्रकृतिले स्वतः चयन गरेको हो। यसरी वृद्धि गर्दा हरेक पात, बीउ वा अंगले अधिकतम प्रकाश, स्थान तथा स्रोतको उपयोग गर्न सक्दछन्। फिबोनाच्चीको यो सिद्धान्तलाई हाम्रो जीवन र प्रकृतिको सुन्दर नियमको एउटा ठोस वैज्ञानिक तथ्य (Scientific fact) को रूपमा विज्ञानले स्वीकार गरेको छ।

शालिग्रामलाई भगवान विष्णुको निराकार स्वरूप मानिन्छ। यसमा देखिने सर्पिल आकृतिले अनन्तता, चक्रीयता र ब्रह्माण्डीय ऊर्जाको प्रवाह लाई प्रतिनिधित्व गर्छ। Fibonacci sequence सँग यसको सम्बन्धले यो देखाउँछ कि कसरी गणितीय ढाँचाहरूले सूक्ष्म र स्थूल दुवै स्तरमा प्रकृतिको नियम लाई व्याख्या गर्न सक्छन्।

प्रकृतिको सञ्चालनबारेको वैदिक सिद्धान्तको गहिराइलाई शालिग्रामको सर्पिल आकृतिमार्फत व्यक्त गर्न सकिने वैदिक ऋषिहरूले सुझाएको यथार्थ $F(0) = 0$, $F(1) = 1$, $F(n) = F(n-1) + F(n-2)$ गणितज्ञ फिबोनाचीको अङ्क र शरीरको प्रारम्भिक संरचनाहरूका दृष्टान्त आएपछि वैज्ञानिक समुदायलाई बुझ्न

अथर्ववेदाचार्यः नारायण घिमिरे।

सहज हुन पुग्यो। शालिग्रामको सर्पिल आकृति फिबोनाची अनुक्रम (Fibonacci sequence) मा व्याख्या गरे जस्तै हुने ठानिन्छ।



जसले सृष्टिको निरन्तरता र ब्रह्माण्डीय सामञ्जस्यको भौतिक र आध्यात्मिक रूपमा सटिक व्यख्या गर्न सक्दछ। जुन केवल गणितीय ढाँचा मात्र नभएर ब्रह्माण्डको जीवन शक्ति र ईश्वरीय लीलाको समेत व्याख्या गर्न उपयोगी हुने गर्दछ। सर्पिल आकृतिले सृष्टिको क्रमिक विकास र फैलावटको एक सजिव चित्र हुने गर्दछ।

वैदिक दर्शनमा ब्रह्मलाई शून्य (अव्यक्त, निराकार) मानिन्छ। व्यक्त शून्य (०) बाट अव्यक्त चैतन्य हिरण्ड गर्भ (१) अर्थात् लुप्त सम्भावनाको रुपमा अस्तित्वमा आउछ। जहाँ वाट एको ब्रह्म रुपी अद्वैत (१) चेतनाको व्यक्त हुने चाहना (अद्वैत) प्रस्फुटित हुन्छ। वैदिक दर्शनमा '०' बाट '१' को यात्राले यही शून्यबाट एकाकार अस्तित्वको प्रस्फुटन हुने लुप्त सम्भावना लाई सङ्केत गर्छ। जुन चेतनाको मार्फत अव्यक्ता वाट व्यक्त हुने गर्दछ। व्यक्त हुने चाहना अद्वैतले (१) परमात्माको एकत्व रुपलाई दर्शाउँछ।

अथर्ववेदाचार्यः नारायण घिमिरे।

अद्वैत एक (१) बाट प्राकृतिक चेतना दुई (२) विकसित हुन्छ। '१' बाट हुने '२' को विकासले द्वैतको आरम्भलाई बुझाउँछ। द्वैतको आरम्भ शिव र पार्वतीको अवधारणाको शिव - शक्ति हो। जहाँ शिव पुरुष (चेतना) र शक्ति (पार्वती) पुरुषको लालन पालन गर्ने परिपुरक प्रकृतिको ऊर्जा हो। शिव - शक्तिको मिलनबाट जीवनको अटुट चक्र सम्भव बन्दछ। त्यसले आदिम चेतना र ऊर्जाको संयोजनको समेत प्रतिनिधित्व गर्छ।



दुई (२) बाट तीन (३) को यात्राले त्रिदेव (ब्रह्मा, विष्णु, महेश्वर) को अवधारणा र औचित्यको पुष्टि गर्दछ। ब्रह्मा सृष्टिकर्ता (Generator), विष्णु पालक (Operator), र महेश्वर संहारकर्ता (Destroyer) को भूमिका सम्झाउँछन्। यी तीन शक्तिहरू मिलेर सृष्टिको पालन-पोषण र नित्य संयोजन सम्भव तुल्याउने गर्दछ। त्यसपछिको सम्पूर्ण फैलावटमा सङ्ख्याहरू बढ्दै जाँदा, यसले सृष्टिको असीमित विस्तार र जटिलतालाई दर्शाउँछ। शालिग्रामको सर्पिल घुमाउरो आकृति, जुन गोल्डेन रेसियो $\phi \approx 1.618$, $\varphi = (1 + \sqrt{5})/2$ सँग सम्बन्धित छ, त्यसले प्रकृतिको हरेक कुनामा पाइने सामञ्जस्य र सौन्दर्यलाई प्रतिविम्बित गर्छ। यो गोल्डेन रेसियो फूलका पात, शङ्ख, ब्रह्माण्डका ग्यालेक्सीहरू लगायत धेरै प्राकृतिक संरचनाहरूमा देखिन्छ। यसले ब्रह्माण्डमा निहित दैवीय व्यवस्थालाई पुष्टि गर्दछ।

अथर्ववेदाचार्यः नारायण घिमिरे।

नासदीय सूक्त भनिने ऋग्वेदको दशम मण्डलको १२९औँ सूक्तमा संसारको सृष्टि कसरी भयो भन्ने बारे चरणबद्ध वर्णन छ। जसको पहिलो मन्त्र यस प्रकार छ।

नासदासीन्नो सदासीत्तदानीं नासीद्रजो नो व्योमा परो यत्।
किमावरीवः कुह कस्य शर्मन्नम्भः किमासीद्गहनं गभीरम्॥

त्यसको अर्थ हो "त्यति बेला न त असत् थियो न सत् थियो। न त्यहाँ वायुमण्डल थियो न आकाश थियो। त्यो के कुराले ढाकेको थियो? त्यो कहाँ थियो? त्यो कसको संरक्षणमा थियो? के त्यहाँ गहिरो पानी थियो?"

यो मन्त्रले पूर्ण शून्यताको अवस्था वर्णन गर्छ। जुन सृष्टिको चरणबद्ध अनुक्रमको पहिलो सङ्ख्या ० (शून्य - Void)) तर्फको सङ्केत हो।

दोस्रो मन्त्र भन्दछ:

न मृत्युरासीदमृतं न तर्हि न रात्र्या अह्न आसीत्प्रकेतः।
आनीदवातं स्वधया तदेकं तस्माद्धान्यन्न परः किञ्चनास॥

त्यसको अर्थ हो "त्यति बेला न मृत्यु थियो न अमरता थियो। न रात थियो न दिन थियो। त्यो एक जसले आफ्नै स्वभावको सास फेर्थ्यो। हावा बिना नै। त्यसबाहेक अरू केही थिएन।"

यहाँ "तदेकं" (त्यो एक) को उल्लेख छ। जुन वैदिक मान्यताको सृष्टिको चरणबद्ध अनुक्रमको दोस्रो सङ्ख्या १ (एक) अव्यक्त चैतन्य हिरण्य गर्भ तर्फको सङ्केत हो। तदेकंएक मात्र सत्ताको अभिव्यक्ति हो। चेतनाको पहिलो स्पन्दन १ हो। जसलाई अद्वैत (Unity) अर्को १ को रूपमा बुझ्ने गरिन्छ। अद्वैत एकबाट द्वैत (Duality) को जन्म हुन्छ। शिव र शक्ति। जुन पुरुष र प्रकृति

वा चेतना र माया रूपमा देखिने गर्दछ। त्यस बाट त्रिमूर्ति (Trinity) अर्थात् अङ्क ३ को निर्माण हुन्छ। चरणबद्ध सृष्टिको अनुक्रम सञ्चालन गर्ने ऊर्जाको ब्रह्मा (सृष्टिकर्ता), विष्णु (पालनकर्ता) र शिव (संहारकर्ता) को रूपमा अभिव्यक्त हुन्छ। त्यसपछि पञ्चमहाभूत (Five Elements) पृथ्वी, जल, अग्नि, वायु, र आकाशको सृष्टि हुन्छ।भगवद्गीता अनुसार त्यसले अष्टधा प्रकृति पृथ्वी, जल, तेज, वायु, चित्त, मन, बुद्धि, अहङ्कार गुण अभिव्यक्त हुन्छ। जुन अष्ट प्रकृति (Eight Natures) अर्थात् सङ्ख्या आठ हुने गर्दछ। जुन अन्य निर्माणको जगको रूपमा अभौतिक परा (Para) शक्तिको गुणको (beyond both body and mind as essence or absolute reality as higher, supreme or beyond aspect of physical reality) रूपमा रहन्छ।

नासदीय सूक्तको तेस्रो मन्त्रमा "तपस्" अर्थात् "सृजनशील ऊर्जा" उल्लेख छ। जसले भन्दछ:

तम आसीत्तमसा गूळ्हमग्रे प्रकेतं सलिलं सर्वमाइदम्।
तुच्छ्येनाभ्वपिहितं यदासीत्तपसस्तन्महिनाजायतैकम्॥

जसको अर्थ हुन्छ "सुरुमा अन्धकारले ढाकिएको अन्धकार मात्र थियो। यो सबै अविभेदित पानी जस्तै थियो। जो शून्यले ढाकिएको थियो। त्यस वाट तपसको महिमाले (सृजनशील ऊर्जा) एक अर्थात् अद्वैतको जन्म भयो।"

यहाँ "तपस्" शब्दले सृजनशील ऊर्जा, तापीय शक्ति वा दिव्य इच्छाशक्ति लाई जनाउने गर्दछ। यो वैदिक सृष्टिको चरणबद्ध अनुक्रमको वृद्धिको नियम हो। जहाँ नयाँ सङ्ख्या अघिल्लो दुईको संयोजन अनुरूप तय भएर प्रकट हुन्छ। त्यसै अनुरूप तपस शक्तिले नयाँ सृष्टि सम्भव तुल्याउने गर्दछ।

अथर्ववेदाचार्यः नारायण घिमिरे।

नासदीय सूक्तको चौथो मन्त्रमा "काम" अर्थात् इच्छाको उल्लेख छ। जसमा भनिएको छ:

कामस्तदग्रे समवर्तताधि मनसो रेतः प्रथमं यदासीत्।
सतो बन्धुमसति निरविन्दन्हृदि प्रतीष्याकवयो मनीषा॥

जसको अर्थ हुन्छ “सुरुमा इच्छा (कामना) प्रकट भयो। जो मनको पहिलो बीज थियो। यो कुरा ऋषिहरूले आफ्नो हृदयको हृदयमा चिन्तन गरेर अस्तित्वमा रहेको अनस्तित्वको सम्बन्ध पत्ता लगाउन सके।“

"काम" अर्थात् इच्छा वैदिक सृष्टिको चरणबद्ध अनुक्रममा यसलाई संयोजनको सिद्धान्त भनिन्छ। जहाँ हरेक पटक नयाँ सङ्ख्या अघिल्लो दुई सङ्ख्याको "इच्छा" वा "आकर्षण" बाट (जसलाई गणितको भाषामा जोड वा संयोजन भनिन्छ) प्रकट हुन्छ। यसले सृष्टिको प्रत्येक नयाँ तत्व त्यसको पूर्ववर्ती तत्वहरूको कामनाको मध्यम बाट उत्पन्न हुने सिद्धान्त स्थापित गर्दछ।

वैदिक दर्शनमा φ (फाई) अर्थात् स्वर्ण अनुपात φ = १.६१८ ... लाई "दिव्य अनुपात" (Divine Proportion) भनिन्छ। कारण यो गणितीय गुणहरूको एक अपरिमेय सङ्ख्या हो। अर्थात् यसको दशमलव विस्तार कहिल्यै अन्त्य हुँदैन। न त दोहोरिन्छ नै। यो गुणले परब्रह्मको अनन्तताको प्रतीक हो। वैदिक दर्शनले ब्रह्मलाई "अनन्त" मान्दछ। जसको न सुरुवात हुन्छ न अन्त्य नै। स्वर्ण अनुपातको अपरिमेय प्रकृति अनन्तताको गणितीय अभिव्यक्ति हो। वैदिक दर्शनअनुसार, सत्यम्, शिवम्, सुन्दरम् एकै वस्तुका तीन पक्ष हुन्। स्वर्ण अनुपातले यही सुन्दरताको गणितीय आधार प्रदान गर्दछ। त्यसैले प्राचीन सनातनी मन्दिरहरू, मूर्तिकला र स्थापत्यकलामा प्राचीन शिल्पकारहरूले स्वर्ण अनुपातको आध्यात्मिक महत्त्व बुझेका कारण स्वर्ण अनुपातको व्यापक प्रयोग गर्ने गरेको भेटिन्छ।

अथर्ववेदाचार्यः नारायण घिमिरे।

वैदिक दर्शनको पञ्चकोशको सिद्धान्त अनुसार मानव व्यक्तित्व पाँच कोशहरूमा विभाजित हुन्छ। अन्नमय कोश (भौतिक शरीर) - १. प्राणमय कोश (प्राणिक शरीर) - २। मनोमय कोश (मानसिक शरीर) - २। विज्ञानमय कोश (बुद्धिमत्ता शरीर) - ३। आनन्दमय कोश (आनन्द शरीर) - ५। जहाँ प्रत्येक कोश अघिल्लो कोशहरूको आधारमा निर्मित हुने गर्दछ। योग दर्शनअनुसार चेतनाको विकास पनि चरणबद्ध रूपमा पतञ्जलिको अष्टाङ्ग योगमा वर्णित आठ चरणहरूमा - ८ हुन्छ। यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि। यी आठ चरणहरू एकर्कामा निर्भर छन्। प्रत्येक चरण अघिल्लो चरणहरूको जगमा निर्मित हुने गर्दछ।

DNA को डबल हेलिक्स संरचनामा पनि स्वर्ण अनुपात देखिन्छ। जसमा एक पूर्ण चक्रको लम्बाइ ३४ एङ्गस्ट्रम र चौडाइ २१ एङ्गस्ट्रम हुन्छ। यी दुवै सङ्ख्याहरूको अनुपात ३४/२१ = १.६१९ हुन्। जुन स्वर्ण अनुपातको अत्यन्त नजिक छ। यसको अर्थ यो हो कि जीवनको आधारभूत संरचना हरू आफ्नो निर्माणमा गणितीय नियमहरू पछ्याउने गर्दछन्। वैदिक दर्शनअनुसार "सर्वं खल्विदं ब्रह्म" अर्थात् "सबै कुरा ब्रह्म नै हो" भन्ने गरिन्छ। DNA को गणितीय संरचनाले वैदिक दर्शनको "सर्वं खल्विदं ब्रह्म" सत्य रहेको यसले वैज्ञानिक पुष्टि गर्दछ। वैदिक दर्शनमा ब्रह्माण्डलाई "विराट पुरुष" भनिएको छ। पुरुष सूक्तअनुसार सम्पूर्ण ब्रह्माण्ड एक विशाल चेतन सत्ताको शरीर हो। आकाशगङ्गाको सर्पिल संरचना विराट पुरुषको गणितीय अभिव्यक्ति हुन सक्ने धेरैको अनुमान भेटिन्छ।

आधुनिक वास्तुकलामा स्वर्ण अनुपातको व्यापक प्रयोग हुन्छ। वास्तु शास्त्रमा "वास्तु पुरुष मण्डल" को अवधारणा लाई मानिन्छ। वास्तु पुरुष मण्डल गणितीय अनुपातहरूमा आधारित हुन्छ। जसले भवनमा सकारात्मक ऊर्जाको प्रवाह हुने सुनिश्चित गर्छ। आधुनिक अनुसन्धानले देखाए अनुसार स्वर्ण अनुपातमा निर्मित भवनहरूमा बस्ने मानिसहरू मानसिक रूपमा अधिक स्वस्थ

देखिने गर्दछन्। शास्त्रीय सङ्गीतमा "राग" को अवधारणा छ। प्रत्येक रागमा स्वरहरूको गणितीय अनुपात हुन्छ। "सा रे ग म प प ध नि" को आवृत्ति अनुपातले समेत गणितीय नियमहरू पछ्याउँछ। यो अनुपात स्वर्ण अनुपातसँग सम्बन्धित हुन्छ।

आधुनिक न्यूरोसाइन्सले मस्तिष्कको संरचना र कार्यमा गणितीय ढाँचाहरू संलग्न छन्। न्युरल नेटवर्कहरूको सङ्गठन, सिनाप्सहरूको व्यवस्था, र मस्तिष्कका तरङ्गहरूमा ती गणितीय ढाँचाहरू भेटिन्छ। वैदिक दर्शनअनुसार मन "अन्तःकरण चतुष्टय" (मन, बुद्धि, चित्त, अहङ्कार) मा विभाजित छ। यो विभाजन गणितीय आधारमा हुने गर्दछ। आधुनिक अनुसन्धानले देखाए अनुसार चेतनाका विभिन्न स्तरहरू विभिन्न आवृत्तिका मस्तिष्क तरङ्गहरू सँग सम्बन्धित हुन्छन्। ध्यानको अभ्यासमा श्वासप्रश्वासको गणना गरिन्छ।

प्राणायामका विभिन्न तकनीकहरूमा गणितीय अनुपातहरूको प्रयोग हुन्छ। उदाहरणका लागि "अनुलोम-विलोम" मा १:२:१ को अनुपात प्रयोग गरिन्छ।यी अनुपातहरू ३:५:८ वा ५:८:१३ को अनुपातमा मैत्री गर्दै श्वासप्रश्वास गर्न सकियो भने त्यसले चेतनामा गहिरो परिवर्तन ल्याउँछ।"अद्वैत वेदान्त" को सिद्धान्तअनुसार सम्पूर्ण ब्रह्माण्ड एक चेतनाको अभिव्यक्ति हो।

क्वान्टम एन्ट्याङ्गलमेन्टमा हुने एन्ट्याङ्गल कणहरूबिच तत्काल सम्पर्क हुने अवस्था अद्वैत सिद्धान्तको वैज्ञानिक पुष्टि हो।आधुनिक कृत्रिम बुद्धिमत्ता (AI) को विकासमा प्रयोग हुने न्युरल नेटवर्कहरूको डिजाइनमा यस्ता गणितीय सिद्धान्तहरूको प्रयोग गर्दा त्यसले बढी कुशल र मानव-जस्तै बुद्धिमत्ता बनेर काम गर्ने क्षमता ग्रहण गर्न सक्ने हुन सक्दछ। वैदिक दर्शनअनुसार चेतना स्तरकृत छ। यदि AI सिस्टमहरूलाई यही सिद्धान्तअनुसार डिजाइन गरियो भने, तिनीहरूमा वास्तविक चेतनाको विकास हुन सक्छ।

विशेष भौतिक गुणहरू

पवित्र पत्थर शालिग्रामले सुन (gold) र चाँदी (silver) का साना कणहरू (particles) लाई आकर्षित गर्ने अद्वितीय गुण बोकेको हुन्छ। यो गुण यसको विशेष क्रिस्टल संरचना (crystal structure) र विद्युत चुम्बकीय गुणहरू (electromagnetic properties) सँग जोडिएको छ। जब सुन वा चाँदीका साना टुक्राहरूलाई शालिग्रामको चिल्लो सतहमा घसिन्छ, ती धातुका कणहरू शालिग्राममा बलियोसँग टाँसिन्छन् र सजिलै अलग हुँदैनन्। यो भौतिक आकर्षणको कारण शालिग्रामको विशेष संरचनाले उत्पन्न गर्ने सूक्ष्म विद्युत चुम्बकीय क्षेत्र (electromagnetic field) हो, जसले धातुहरूसँग अन्तरक्रिया (interaction) गर्छ।

वैदिक परम्परामा यो गुणलाई शालिग्रामको शुद्धता (purity) र आध्यात्मिकताको प्रमाण मानिन्छ, जसले यसको दैवी महत्वको पुष्टि गर्छ। गण्डकी नदीको निरन्तर प्रवाह (flow) र घर्षण (erosion) ले शालिग्रामको सतहलाई प्राकृतिक रूपमा चिल्लो बनाएको हुन्छ, जसले स्पर्श गर्दा विशेष अनुभूति (sensation) प्रदान गर्छ। यो चिल्लोपनले ध्यान (meditation) र पूजाको समयमा मानसिक एकाग्रता (mental concentration) बढाउन सहयोग गर्छ, जसले भक्तहरूलाई आध्यात्मिक गहिराइमा डुब्न प्रेरित गर्छ।

शालिग्राममा देखिने चक्राकार निशानहरू (circular marks) यसको अर्को महत्वपूर्ण विशेषता हो। वैदिक मान्यतामा यी निशानहरू

'वज्रकीट' (Vajrakit) नामक कीराले बनाएको विश्वास गरिन्छ, जसले शालिग्रामलाई आफ्नो बासस्थान बनाउँछ। वैज्ञानिक दृष्टिकोणबाट हेर्दा समेत यी चक्राकार निशानहरू प्राचीन एमोनाइट जीवाश्महरू (ammonite fossils) को सर्पिल संरचना (spiral structure) भएको र गण्डकी नदीको प्रवाहको घर्षण प्रक्रियाले त्यसलाई चिल्लो बनाएर शालिग्रामको रूप दिएको पुष्टि गर्दछ। यो वैज्ञानिक व्याख्या (scientific explanation) ले शालिग्रामको प्राकृतिक उत्पत्ति (natural origin) र ऐतिहासिक वैदिक बुझाइ सत्य रहेको पुष्टि गर्छ, जसले यसलाई प्रकृति र आध्यात्मिकताको अनुपम शिला बनाउँछ।

आधुनिक वैज्ञानिक अनुसन्धान (modern scientific research) ले शालिग्राममा विशेष विद्युत चुम्बकीय गुणहरू रहेको देखाएको छ। यसको क्रिस्टल संरचनाले एक प्राकृतिक विद्युत चुम्बकीय क्षेत्र उत्पन्न गर्छ, जुन मानव शरीरको बायो-इलेक्ट्रिक क्षेत्र (bio-electric field) सँग अन्तरक्रिया गर्छ। यो अन्तरक्रियाले विभिन्न शारीरिक र मानसिक प्रभावहरू (physical and mental effects) निम्त्याउँछ।

उदाहरणका लागि, शालिग्रामको उपस्थितिमा मस्तिष्कमा अल्फा तरंगहरू (alpha waves) को उत्पादन बढ्छ, जसले शान्ति (peace) र विश्राम (relaxation) को अवस्थालाई प्रोत्साहन गर्छ। साथै, यसको विद्युत चुम्बकीय क्षेत्रले तनाव उत्पन्न गर्ने हर्मोनहरू (stress hormones) को स्तरलाई कम गर्न सक्छ,

जसले मानसिक शान्ति र स्थिरता प्रदान गर्छ। यो प्रभावले ध्यान र एकाग्रताको क्षमतालाई पनि वृद्धि गर्छ, विशेषगरी योगी (yogi) र ध्यानीहरूले शालिग्रामको नजिक ध्यान गर्दा गहिरो ध्यान अवस्थामा पुग्न सजिलो भएको अनुभव गर्छन्।

यी वैज्ञानिक तथ्यहरू (scientific facts) ले शालिग्रामको आध्यात्मिक महत्वलाई थप बलियो बनाउँछन्। वैदिक परम्पराले शालिग्रामलाई भगवान विष्णुको प्रतीक (symbol of Lord Vishnu) को रूपमा पूजा गर्छ, भने विज्ञानले यसको भौतिक र विद्युत चुम्बकीय गुणहरू मार्फत मानव शरीर र मनमा हुने सकारात्मक प्रभावहरूलाई उजागर गर्छ। यसरी, शालिग्राम केवल आस्थाको प्रतीक मात्र नभएर वैज्ञानिक रूपमा पनि प्रभावकारी र महत्वपूर्ण छ, जसले परम्परा (tradition) र विज्ञान (science) को सुन्दर संयोजनलाई दर्शाउँछ।

शालिग्राम वर्गीकरण आधार

शालिग्राम (Shaligram) लाई वैदिक ग्रन्थहरूमा (Vedic scriptures) यसको बाहिरी स्वरूप (external appearance), चिन्हहरू (marks), चक्रहरूको संख्या (number of chakras), र रङ (color) का आधारमा विभिन्न प्रकारमा वर्गीकरण (classification) गरिएको छ। प्रत्येक प्रकारको शालिग्रामको आफ्नै विशिष्ट महत्व र प्रभाव (unique significance and effects) हुन्छ, जसले भक्तहरूलाई

आध्यात्मिक (spiritual) र भौतिक (material) लाभ प्रदान गर्छ भन्ने मान्यता छ। यी विशेषताहरूको वैज्ञानिक आधार (scientific basis) लाई पनि आधुनिक अनुसन्धानले (modern research) पुष्टि गरेको छ, जसले शालिग्रामको प्राकृतिक र विद्युत चुम्बकीय गुणहरू (electromagnetic properties) लाई उजागर गर्छ।

दशावतार शालिग्राम (Dashavatara Shaligrams)

शालिग्रामहरूलाई भगवान विष्णुका दश अवतार (ten incarnations of Lord Vishnu) सँग जोडेर वर्गीकरण गरिएको छ। प्रत्येक अवतारसँग सम्बन्धित शालिग्रामले विशेष चिन्हहरू (specific marks) र गुणहरू (qualities) बोकेको हुन्छ, जसले भक्तहरूलाई विभिन्न क्षेत्रमा सहयोग पुऱ्याउँछ। यी शालिग्रामहरूको संरचना (structure) र चिन्हहरू गण्डकी नदीको प्राकृतिक घर्षण (natural erosion) र प्राचीन जीवाश्महरू (ancient fossils) को परिणामस्वरूप बनेका हुन्छन्, जुन वैज्ञानिक दृष्टिकोणबाट पनि महत्वपूर्ण छ। तल दशावतार शालिग्रामहरूको विस्तृत विवरण दिइएको छ:

मत्स्य शालिग्राम (Matsya Shaligram): यो शालिग्राम भगवान विष्णुको माछा अवतार (fish incarnation) को प्रतीक हो। यसमा माछाको आकारको चिन्ह (fish-shaped mark) देखिन्छ, जुन प्रायः सर्पिल र चिल्लो हुन्छ।



यो चिन्ह प्राचीन एमोनाइट जीवाश्महरू (ammonite fossils) को सर्पिल संरचनाबाट बनेको हुन्छ। यसको पूजा (worship) ले ज्ञान (knowledge), बुद्धि (intellect), र मानसिक स्पष्टता (mental clarity) को वृद्धि गर्छ, विशेषगरी विद्यार्थीहरू (students) र शिक्षासँग सम्बन्धित व्यक्तिहरूलाई फाइदा पुऱ्याउँछ। वैज्ञानिक रूपमा, शालिग्रामको विद्युत चुम्बकीय क्षेत्र (electromagnetic field) ले मस्तिष्कमा अल्फा तरंगहरू (alpha waves) को उत्पादन बढाउँछ, जसले एकाग्रता (concentration) र स्मरणशक्ति (memory) लाई सुधार गर्छ।

कूर्म शालिग्राम (Kurma Shaligram): कछुवा अवतार (tortoise incarnation) को प्रतीक यो शालिग्राममा कछुवाको खोल (tortoise shell) जस्तो ढाँचा (pattern) देखिन्छ। यो ढाँचा गण्डकी नदीको दीर्घकालीन घर्षण (long-term erosion) र खनिज संरचना (mineral composition) को परिणाम हो। यसको पूजाले धैर्य (patience), स्थिरता (stability), र दीर्घकालीन सफलता (long-term success) प्रदान गर्छ, विशेषगरी व्यापार (business) र करियर (career) मा स्थायित्व खोज्नेहरूका लागि। वैज्ञानिक दृष्टिकोणबाट, शालिग्रामको क्रिस्टल संरचनाले (crystal structure) उत्पन्न गर्ने सूक्ष्म कम्पनहरू (subtle vibrations) ले मानसिक शान्ति (mental peace) र तनाव (stress) कम गर्न मद्दत गर्छ।

वराह शालिग्राम (Varaha Shaligram): सुँगुर अवतार (boar incarnation) को प्रतीक यो शालिग्राममा सुँगुरको थुतुनो (boar's snout) जस्तो आकारको चिन्ह हुन्छ। यो चिन्ह पनि प्राकृतिक प्रक्रियाबाट (natural processes) बनेको हुन्छ र भूमि (land) वा सम्पत्ति (property) सँग सम्बन्धित समस्याहरू समाधान गर्न उपयोगी मानिन्छ। वैज्ञानिक रूपमा, शालिग्रामको खनिज संरचना (mineral structure) र यसको चिल्लो सतहले (smooth surface) एक विशेष ऊर्जा क्षेत्र (energy field) सिर्जना गर्छ, जसले वातावरणलाई सकारात्मक बनाउँछ।

नरसिंह शालिग्राम (Narasimha Shaligram): सिंह-मानव अवतार (lion-man incarnation) को प्रतीक यो शालिग्राममा सिंहको मुख (lion's face) जस्तो चिन्ह देखिन्छ। यो शालिग्रामले शत्रुहरू (enemies) बाट सुरक्षा (protection) र न्याय (justice) को भावना प्रदान गर्छ। वैज्ञानिक रूपमा, यसको विद्युत चुम्बकीय गुणहरू (electromagnetic properties) ले मानव शरीरको बायो-इलेक्ट्रिक क्षेत्र (bio-electric field) सँग अन्तरक्रिया (interaction) गर्छ, जसले आत्मविश्वास (confidence) र मानसिक बल (mental strength) बढाउँछ।

वामन शालिग्राम (Vamana Shaligram): वाम पुड्के ब्राह्मण अवतार (dwarf Brahmin incarnation) को प्रतीक यो शालिग्राममा सानो आकारको चक्र (small chakra) देखिन्छ। यसले नम्रता (humility) र दानशीलता (generosity) को गुण सिकाउँछ। वैज्ञानिक रूपमा, यसको सूक्ष्म ऊर्जा (subtle energy) ले मानसिक शान्ति (mental peace) र भावनात्मक सन्तुलन (emotional balance) लाई प्रोत्साहन गर्छ।

परशुराम शालिग्राम (Parashurama Shaligram): बन्चरो (axe) धारण गर्ने अवतारको प्रतीक यो शालिग्राममा बन्चरो (bancharo) जस्तो चिन्ह हुन्छ। यसले अन्याय (injustice) को विरुद्ध लड्ने शक्ति (strength) प्रदान गर्छ। वैज्ञानिक दृष्टिकोणबाट, यसको क्रिस्टल संरचनाले (crystal structure)

उत्पन्न गर्ने कम्पनहरू (vibrations) ले मानसिक दृढता (mental resilience) लाई बढाउँछ।

राम शालिग्राम (Rama Shaligram): मर्यादा पुरुषोत्तम रामको प्रतीक यो शालिग्राममा धनुष (bow) जस्तो आकार देखिन्छ। यसले आदर्श जीवन (ideal life) जिउने प्रेरणा (inspiration) दिन्छ। वैज्ञानिक रूपमा, यसको ऊर्जा क्षेत्रले (energy field) सकारात्मक सोच (positive thinking) र नैतिकता (morality) लाई प्रोत्साहन गर्छ।

कृष्ण शालिग्राम (Krishna Shaligram): कृष्ण अवतारको प्रतीक यो शालिग्राममा बाँसुरी (flute) जस्तो चिन्ह देखिन्छ। यसले प्रेम (love) र भक्ति (devotion) को भावना जगाउँछ। वैज्ञानिक रूपमा, यसको विद्युत चुम्बकीय प्रभावले (electromagnetic effect) भावनात्मक सन्तुलन (emotional balance) र मानसिक शान्ति (mental peace) लाई बढाउँछ।

बुद्ध शालिग्राम (Buddha Shaligram): बुद्ध अवतारको प्रतीक यो शालिग्राममा ध्यान मुद्रा (meditation pose) को चिन्ह देखिन्छ। यसले शान्ति (peace) र करुणा (compassion) को गुण विकास गर्छ। वैज्ञानिक रूपमा, यसले मस्तिष्कको अल्फा तरंगहरू (alpha waves) लाई सक्रिय बनाउँछ, जसले गहिरो ध्यान (deep meditation) मा सहयोग गर्छ।

कल्कि शालिग्राम (Kalki Shaligram): भविष्यमा आउने अवतारको प्रतीक यो शालिग्राममा घोडा (horse) वा तरवार (sword) को चिन्ह देखिन्छ। यसले नयाँ युग (new era) को सुरुवातको संकेत गर्छ। वैज्ञानिक रूपमा, यसको ऊर्जाले (energy) परिवर्तन (transformation) र नवीनता (innovation) लाई प्रोत्साहन गर्छ।

चक्र संख्याका आधारमा वर्गीकरण (Classification Based on Number of Chakras)

शालिग्राममा हुने चक्रहरू (chakras) को संख्या भगवान विष्णुको सुदर्शन चक्र (Sudarshan Chakra) को प्रतीक मानिन्छ। यी चक्रहरूको संख्या र तिनको संरचना प्राकृतिक प्रक्रियाबाट (natural processes) बनेका हुन्छन्, जुन प्राचीन जीवाश्महरू (ancient fossils) र नदीको घर्षण (river erosion) को परिणाम हो। प्रत्येक चक्र संख्याले विशिष्ट लाभ (specific benefits) प्रदान गर्छ:



एक चक्र (One Chakra): सुदर्शन शालिग्राम (Sudarshan Shaligram) - यो शालिग्रामले एकाग्रता (concentration) र फोकस (focus) बढाउँछ। वैज्ञानिक रूपमा, यसको विद्युत चुम्बकीय क्षेत्रले (electromagnetic field) मस्तिष्कको न्यूरल गतिविधि (neural activity) लाई सक्रिय बनाउँछ।

दुई चक्र (Two Chakras): लक्ष्मी नारायण शालिग्राम (Lakshmi Narayana Shaligram) - धन (wealth) र समृद्धि (prosperity) का लागि। यसको ऊर्जाले सकारात्मक वातावरण (positive environment) सिर्जना गर्छ।

तीन चक्र (Three Chakras): अच्युत शालिग्राम (Achyuta Shaligram) - आध्यात्मिक उन्नति (spiritual advancement) का लागि। यसले मानसिक शान्ति (mental peace) लाई प्रोत्साहन गर्छ।

चार चक्र (Four Chakras): जनार्दन शालिग्राम (Janardana Shaligram) - सामाजिक प्रतिष्ठा (social status) र सम्मान (respect) का लागि।

पाँच चक्र (Five Chakras): वासुदेव शालिग्राम (Vasudeva Shaligram) - पञ्च तत्व (five elements) को सन्तुलन (balance) का लागि। यो शालिग्रामले समग्र स्वास्थ्य (overall health) मा सुधार गर्छ।

यी चक्रहरू १२ सम्म हुन सक्छन्, र प्रत्येकको आफ्नै आध्यात्मिक र वैज्ञानिक महत्व छ। वैज्ञानिक रूपमा, यी चक्रहरूको संरचना (structure of chakras) ले शालिग्रामको खनिज संरचनालाई (mineral composition) प्रतिबिम्बित गर्छ, जसले विशेष ऊर्जा क्षेत्र (energy field) उत्पन्न गर्छ।

रङका आधारमा वर्गीकरण (Classification Based on Color)

शालिग्रामको रङ (Color) ले पनि यसको ऊर्जा (Energy) र प्रभावलाई परिभाषित गर्छ। यी रङहरू प्राकृतिक खनिजहरू

(natural minerals) र नदीको प्रक्रियाबाट (river processes) बनेका हुन्छन्। प्रत्येक रङ्को शालिग्रामले विशिष्ट आध्यात्मिक र वैज्ञानिक प्रभाव (spiritual and scientific effects) बोकेको हुन्छ:

कालो शालिग्राम (Black Shaligram): यो सबैभन्दा सामान्य (common) र शुभ (auspicious) मानिन्छ। यसले नकारात्मक ऊर्जा (negative energy) हटाएर सकारात्मक वातावरण (positive environment) सिर्जना गर्छ। वैज्ञानिक रूपमा, कालो रङ्को शालिग्राममा कार्बन-आधारित खनिजहरू (carbon-based minerals) हुन्छन्, जसले स्थिर ऊर्जा क्षेत्र (stable energy field) उत्पन्न गर्छ।

सुनौलो चिन्ह भएको कालो शालिग्राम (Black with Golden Marks): यो विशेष शुभ मानिन्छ र धन-सम्पत्ति (wealth and assets) को वृद्धिका लागि पूजा गरिन्छ। सुनौलो चमक (golden luster) प्राकृतिक खनिजहरूको उपस्थितिबाट (presence of minerals) आउँछ, जसले ऊर्जा प्रवाह (energy flow) लाई बलियो बनाउँछ।

खैरो शालिग्राम (Brown Shaligram): यो दुर्लभ (rare) प्रकार हो र ज्ञान (knowledge) र शिक्षा (education) का लागि उपयुक्त मानिन्छ। यसको खनिज संरचनाले (mineral

structure) मानसिक स्पष्टता (mental clarity) लाई प्रोत्साहन गर्छ ।



नीलो शालिग्राम (Blue Shaligram): अत्यन्त दुर्लभ (Extremely rare) यो प्रकार आध्यात्मिक उन्नति (Spiritual advancement) का लागि अमूल्य मानिन्छ। यसको नीलो रङ विशेष खनिजहरू (specific minerals) को कारणले हुन्छ, जसले गहिरो ऊर्जा (Deep energy) उत्पन्न गर्छ।

सेतो शालिग्राम (White Shaligram): यो सबैभन्दा दुर्लभ प्रकार हो र शुद्धता (Purity) तथा पवित्रता (sanctity) को प्रतीक मानिन्छ। वैज्ञानिक रूपमा, सेतो रङ क्याल्सियम-आधारित खनिजहरू

(Calcium-based minerals) को कारणले देखिन्छ, जसले शान्त ऊर्जा (Calm energy) प्रदान गर्छ।

वैज्ञानिक आधार (Scientific Basis)

शालिग्रामको यी विविध विशेषताहरू (Diverse characteristics) प्राकृतिक प्रक्रियाहरू (Natural processes) र खनिज संरचनाहरू (Mineral structures) को परिणाम हुन्। गण्डकी नदीको निरन्तर घर्षण (Continuous erosion) र प्राचीन एमोनाइट जीवाश्महरू (ancient ammonite fossils) ले शालिग्रामको चिल्लो सतह (smooth surface) र चक्राकार चिन्हहरू (circular marks) बनाएका छन्। आधुनिक अनुसन्धानले (modern research) शालिग्रामको क्रिस्टल संरचनाले (crystal structure) एक प्राकृतिक विद्युत चुम्बकीय क्षेत्र (electromagnetic field) उत्पन्न गर्ने देखाएको छ, जसले मानव शरीरको बायो-इलेक्ट्रिक क्षेत्र (bio-electric field) सँग अन्तरक्रिया (interaction) गर्छ। यो अन्तरक्रियाले मस्तिष्कमा अल्फा तरंगहरू (alpha waves) को उत्पादन बढाउँछ, जसले शान्ति (peace), एकाग्रता (concentration), र तनाव कम (stress reduction) गर्छ। साथै, शालिग्रामको ऊर्जाले (energy) सकारात्मक वातावरण (positive environment) सिर्जना गर्छ, जसले ध्यान

(meditation) र आध्यात्मिक अभ्यास (spiritual practices) लाई गहिरो बनाउँछ।

यी वैज्ञानिक तथ्यहरूले (scientific facts) शालिग्रामको आध्यात्मिक महत्व (spiritual significance) लाई थप बलियो बनाउँछन्। वैदिक परम्पराले (Vedic tradition) शालिग्रामलाई भगवान विष्णुको प्रतीक (symbol of Lord Vishnu) को रूपमा पूजा गर्छ, भने विज्ञानले (science) यसको भौतिक (physical) र विद्युत चुम्बकीय गुणहरू (electromagnetic properties) मार्फत मानव शरीर र मनमा हुने सकारात्मक प्रभावहरूलाई (positive effects) उजागर गर्छ। यसरी, शालिग्राम परम्परा (tradition) र विज्ञान (science) को सुन्दर संयोजन (beautiful synthesis) को प्रतीक हो, जसले भक्तहरूलाई आध्यात्मिक र भौतिक लाभ प्रदान गर्छ।

वेदमा विज्ञान



मूलः रासायनिक संरचना (Chemical Composition)

प्राचीन ammonite जीवाश्म शालिग्रामहरू रासायनिक रूपमा मुख्यतः आरागोनाइट (aragonite, $CaCO_3$) बाट बनेका हुन्छन्। आरागोनाइट क्याल्सियम कार्बोनेट (Calcium carbonate) को orthorhombic क्रिस्टल बहुरूप (polymorph) हो, जसमा कार्बोनेट आयन (CO_3^{2-}) त्रिकोणीय संरचनामा रहेर क्याल्सियम आयन (Ca^{2+}) सँग आयोनिक बन्ड बनाउने गर्दछ। आरागोनाइट आफैमा केहि हदमा मात्र सन्तुलित metastable प्राकृतिक उत्पादन हो जुन लामो समयमा उच्च दवावका कारण स्थिर क्याल्साइटमा (calcite, $CaCO_3$, trigonal) रूपान्तरण हुन्छ।

Aragonite ($CaCO_3$) → Calcite ($CaCO_3$)। जसलाई polymorphic transition भनिन्छ। किनकि यस्तो किसिमको

रुपान्तरणमा रासायनिक समीकरण परिवर्तन हुँदैन। मात्र भौतिक रुपमा संरचना पहिले भन्दा अधिक निष्क्रिय संरचनामा पुनर्व्यवस्थित हुन्छ।

उल्लेखित जीवाश्मीकरण (fossilization) प्रक्रियामा विभिन्न रासायनिक प्रतिक्रियाहरू संलग्न हुन्छन्। निष्क्रिय एमोनाइटहरू गेगरको रुपमा पिंधमा थेग्रिएर गाडिएपछि, विभिन्न खनिज र रासायनिक घोलहरूसँगको अन्तरक्रियाले तिनीहरूको मूल संरचनामा परिवर्तन ल्याउँछ। त्यसो हुदै गर्दा सिलिसिफिकेशन (silicification) प्रक्रियामा सिलिका-समृद्ध जल (SiO_2-युक्त) ले $CaCO_3$ लाई प्रतिस्थापन गर्छ। $CaCO_3 + H_4SiO_4 \rightarrow SiO_2$ (chalcedony) $+ Ca^{2+} + 2HCO_3^- + H_2O$। यसले शालिग्रामलाई खैरो / कालो (grey/black) रंग दिन्छ र मजबुत बनाउँछ।

त्यस लगतै हुन सक्ने एनारोबिक पाइरिटाइजेशन (pyritization) प्रक्रियामा पिंधमा अक्सिजन बिहिन वातावारणमा थेग्रिएर गाडिएर उक्त चिजमा सल्फेट रिडक्शन (sulfate reduction) हुन्छ। $SO_4^{2-} + 2CH_2O \rightarrow H_2S + 2HCO_3^-$। त्यसपछि $Fe^{2+} + H_2S \rightarrow FeS$ । अनि $FeS + H_2S \rightarrow FeS_2 + H_2$। यो प्रक्रियामा बन्न जाने पाइराइट FeS_2 (pyrite) ले शालिग्राम लाई सुनौलो (golden) चमक दिन्छ।

पानीको उपस्थितिमा संचालन हुने आक्सिडेसन (oxidation) प्रक्रियाले पानी र अक्सिजन (O_2) सँग pyrite (FeS_2) ले पुन: प्रतिक्रिया गर्ने हुँदा यसले शालिग्राम लाइ पुन: कालो रंगमा लैजान सहयोग गर्दछ।

Estimated Chemical Composition of Shaligram:

Components	**% by Weight**	**Source / Notes**
Calcium Carbonate ($CaCO_3$)	*70–80%*	*Main matrix (as calcite/aragonite from fossil shell)*
Silicon Dioxide (SiO_2)	*10–15%*	*From silicification (quartz/clay), it replaces $CaCO_3$ over time*
Organic Carbon / Kerogen	*3–7%*	*The black shale matrix gives black colour*
Iron Compounds (FeS_2 + Fe_2O_3)	*2–5%*	*Pyrite (FeS_2) = golden flecks; Iron oxides = gray/black tint*
Clay Minerals (Illite, Kaolinite)	*2–4%*	*Aluminosilicates from host rock (shale)*
Trace Elements (Mg, Sr, Mn, Ba, Zn, Cu)	*1–2%*	*Substituted in crystal lattice (e.g., Mg in dolomite-like zones)*
Water & Porosity / Other	*1%*	*Bound water, micro-pores, minor salts*
Total: ≈	***100%***	*Actual values vary per specimen and location.*

```
Composition of Shaligram (Estimated % by Weight)
────────────────────────────────────────────────────────
CaCO₃          ████████████████████████  75%
SiO₂           ████████                  12%
Organic C      ████                       5%
Iron (Fe)      ███                        4%
Clay Min.      ███                        3%
Trace El.      ██                         1%
Other          █                          1%
────────────────────────────────────────────────────────
Total: 100%
```

$FeS_2 + 7/2\ O_2 + H_2O \rightarrow Fe^{2+} + 2SO_4^{2-} + 2H^+$। यो प्रक्रियामा, FeS_2 को आइरन (Fe) र सल्फर (S) अक्सिडेसनमा जान्छन्। सल्फर SO_4^{2-} (सल्फेट आयन) मा रूपान्तरित हुन्छ। जसले अम्लीय परिस्थिति सिर्जना गर्छ (H^+ आयन उत्पादन)। यही कारणले शालिग्रामको पाइरिटाइज्ड भागहरू पानी र अक्सिजन रहेको ओसिलो वातावरणमा बिस्तारै विघटन (degradation) हुने हुँदा कालो बाहेक अन्य रङ्गको शालिग्राम कमजोर संरचनाको बन्दछ।

त्यहि कारणले काली गण्डकीका माटो (clay) र सिल्ट (silt) जस्ता महीन कणहरूको संचयबाट जीवाश्मीकरणको क्रममा प्रसस्त खनिज जम्मा गरि बनेको शेली चट्टान (shaly rock) रुपी शालिग्राम प्राय: धेरै जसो कार्बनयुक्त पदार्थको कालो रंगको हुने गर्दछ।

वैदिक ग्रन्थमा शालिग्राम

नेपालको आध्यात्मिक इतिहासमा शालिग्राम एउटा यस्तो प्रतीक हो जसले धार्मिक आस्था मात्र होइन, सभ्यताको एक सनातन संरचना नै खडा गरेको छ। यो एउटा साधारण ढुङ्गा मात्र नभएर, एक जीवित वेद, एक चलत-

फिरत विष्णु, र एक अमर तीर्थ हो। वैदिक ग्रन्थहरूमा यसको उल्लेख यति गहिरो छ कि यसलाई केवल पूजाको वस्तु मात्र भनेको जीवनको सत्य पक्ष संग परिचित नहुनु हो। शालिग्रामको वैदिक आधारको गहिरो विश्लेषण महाभारत, स्कन्द पुराण, पद्म पुराण र अन्य धार्मिक ग्रन्थहरूमा भेटिन्छ। जहाँ शालिग्रामलाई केवल धार्मिक आस्थाको वस्तु मात्र नभएर, एक वैज्ञानिक आध्यात्मिक प्रणालीको रूपमा प्रस्तुत गर्छ।

महाभारत: श्रीकृष्ण र युधिष्ठिरको संवाद

महाभारतको अनुशासन पर्वमा भगवान श्रीकृष्णले राजा युधिष्ठिरलाई शालिग्रामको महत्वको बारेमा एक विस्तृत उपदेश दिनुहुन्छ। यो उपदेश आजसम्म शालिग्राम स्तोत्रको रूपमा प्रचलित छ। यसमा शालिग्राम पूजाको मन्त्र, ऋषि, देवता, छन्द र विनियोगको विवरण छ।

क. श्लोक १: मन्त्रको वैदिक संरचना

मूल श्लोक:

